वैठक संख्याः ०१।२०८२।०८३

वैठक मितिः २०८२।०४।०८ गते, समयः विहान ८:०० बजे

स्थानः पाखीबास नगरपालिका कार्यालयको सभाहल

आज मिति २०८२।०४।०८ गते बिहिबार विहान ८:०० बजे पाख्रीवास नगरपालिकाका नगर प्रमुख श्री ज्ञान बहादुर गुरुङज्यूको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी निम्न प्रस्तावहरु माथि छलफल गरी निर्णय गरियो।

**उपस्थिति**

| क्र.स. | नामथर | पद | वडा नं. | दस्तखत |
|---|---|---|---|---|
| १ | श्री ज्ञान बहादुर गुरुङ | नगर प्रमुख | | |
| २ | श्री नम्रता गौतम | नगर उप-प्रमुख | | |
| ३ | श्री भोगेन्द्र पाण्डे | वडा अध्यक्ष | १ | |
| ४ | श्री चुडामणि पुलामी | वडा अध्यक्ष | २ | |
| ५ | श्री सरोज राई | वडा अध्यक्ष | ३ | |
| ६ | श्री सन्तोष मानन्धर | वडा अध्यक्ष | ४ | |
| ७ | श्री महेश राई | वडा अध्यक्ष | ५ | |
| ८ | श्री देवेन्द्र गुरागाई | वडा अध्यक्ष | ६ | |
| ९ | श्री देवेन्द्र बहादुर तामाङ | वडा अध्यक्ष | ७ | |
| १० | श्री गजेन्द्र बहादुर राई | वडा अध्यक्ष | ८ | |
| ११ | श्री सम्झना आले | वडा अध्यक्ष | ९ | |
| १२ | श्री हरी बहादुर खत्री | वडा अध्यक्ष | १० | |
| १३ | श्री इन्द्र कुमार राई | कार्यपालिका सदस्य | ७ | |
| १४ | श्री विष्णु माया विश्वकर्मा | कार्यपालिका सदस्य | २ | |
| १५ | श्री रुप बहादुर विश्वकर्मा | कार्यपालिका सदस्य | ५ | |
| १६ | श्री तारा देवी ढकाल (धमला) | कार्यपालिका सदस्य | ९ | |
| १७ | श्री सवीता कार्की | कार्यपालिका सदस्य | ७ | |
| १८ | श्री सीता देवी बस्नेत | कार्यपालिका सदस्य | ३ | |
| १९ | श्री नगेन्द्र राई | कार्यपालिका सदस्य | ८ | |
| २० | श्री गीता परियार | कार्यपालिका सदस्य | १० | |
| २१ | श्री ओम बहादुर आले मगर | नि. प्रमुख प्रशासकीय अधिकृत | | |
| **सहयोगी कर्मचारी** | | | | |
| १ | श्री शेखर गौतम | कम्प्युटर अपरेटर | | |

बैठक संख्याः ०१।२०८२।०८३

बैठक मितिः २०८२।०४।०८ गते, समयः बिहान ८:०० बजे

स्थानः पाख्रीबास नगरपालिका कार्यालयको सभाहल

**प्रस्तावहरु**

१) प्रस्ताव नं. १ : प्राकृतिक स्रोत व्यबस्थापन कलेज पाख्रीबास, धनकुटाको लागी जग्गा प्राप्ती सम्बन्धमा।

२) प्रस्ताव नं. २ : योजना संसोधन सिफारिस सम्बन्धमा।

३) प्रस्ताव नं. ३ : योजना संशोधनको सिफारिस सम्बन्धमा।

**निर्णयहरु :**

**निर्णय नं. १**

पाख्रीबास नगरपालिका वडा नं ३ मा अवस्थित कृषि तथा वन विश्वविद्यालय, रामपुर, चितवनको आंगिक क्याम्पस श्री प्राकृतिक स्रोत व्यबस्थापन कलेज पाख्रीबास, धनकुटाको लागि आवस्यक भवन संरचना तथा प्रयोगात्मक कक्षाको लागि जग्गा अभाव भएको हुँदा आवस्यक जग्गा प्राप्तीको लागि विगत आर्थिक वर्षबाट नै पाख्रीबास कृषि क्याम्पसबाट अनुरोध भएको र सो को लागि विगत आर्थिक वर्षहरुमा रकम विनियोजन भएकोमा आवस्यक प्रकृया गर्न नसकिएको र चालु आ.व. २०८२/०८३ को स्वीकृत कार्यक्रम अन्तरगत पाख्रीबास कृषि क्याम्पस अनुदानको लागि रु १८०००००। (अठार लाख रुपैया मात्र ) बजेट विनियोजन भएको हुँदा प्राकृतिक स्रोत व्यबस्थापन कलेज नजिकै रहेको सोम बहादुर श्रेष्ठको नाममा रहेको कि. न. को ३४४ को ४-०-० रोपनी जग्गा बाट ३-०-० रोपनी र कि.न. ४९३ को १-०-० रोपनी गरी जम्मा ४-०-० रोपनी सशुल्क प्राप्तीको लागि श्री प्राकृतिक स्रोत व्यबस्थापन कलेजबाट आवस्यक प्रकृया थालनी भएको हुँदा नेपाल सरकार द्वारा निर्धारण भएको मुल्यमा जग्गा प्राप्ती गर्ने गरि विनियोजित रकम रु १८०००००। (अठार लाख रुपैया मात्र) र उक्त रकम अभाव भएमा यस नगरपालिका बाट आवस्यक थप रकम व्यबस्था गरी प्राकृतिक स्रोत व्यबस्थापन कलेज, धनकुटाको नाममा जग्गा प्राप्त गराईदिन लागि नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय तथा नेपाल सरकार शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरियो।

**निर्णय नं. २**

नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट आ.व. २०८२।२०८३ को लागि यस नगरपालिकाको वडा नं १० मा कार्यान्वयन हुने चुम्बाङ हेल्थ पोष्टमा बर्थिङ सेन्टर निर्माणको लागि रु ३८८६०००। (अठ्तीस लाख छयासी हजार रुपैया मात्र) बजेट व्यबस्था भएकोमा उक्त स्थानमा चुम्बाङ स्वास्थ्य चौकी भवन रहेको र उक्त भवनमा नै बर्थिङ सेन्टर सञ्चालन गर्नको लागि पर्याप्त कक्षहरु रहेको हुँदा उक्त बजेट बाट बर्थिङ सेन्टर स्थापना र सञ्चालन गर्नु पर्ने भएकोले सो को लागि स्वास्थ्य मन्त्रालयको मापदण्ड बमोजिम आवस्यक उपकरण र सो को व्यबस्थापन गरी सेवा सञ्चालन गर्नु पर्ने भएकोले उक्त बजेटलाई बर्थिङ सेन्टर स्थापना र व्यबस्थापन शिर्षकमा संसोधन गरिदिनको लागि नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरियो

**निर्णय नं. २**

कोशी प्रदेश सरकार पर्यटन, वन तथा वातावरण मन्त्रालय अन्तर्गत पर्यटन विकास आयोजना मोरङबाट पाख्रीबास नगरपालिका वडा नं. २ स्थित **तामाङ्ग बौद्ध विहार निर्माण पाख्रीबासन.पा. २ धनकुटा** शीर्षकमा रु. ५,००,०००।- बजेट विनियोजन भएकोमा पाख्रीबास न.पा. २ स्थित तामाङ्ग बौद्ध बिहार नभएको र उक्त योजनाको नाममा त्रुटी भएको हुँदा उक्त योजनालाई **"धञ्चबुद्ध बौद्ध विहार निर्माण पाख्रीबास न.पा. २ धनकुटा"** शीर्षकमा संशोधन गर्नको लागि सम्बन्धित आयोजना कार्यालय तथा मन्त्रालयमा सिफारिस गरी पठाउने निर्णय गरियो।

